कुश्मा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मा, पर्वत ।
गण्डकी प्रदेश, नेपाल

फोन नं ०६७-४२०१४१
०६७-४२०४८४
०६७-४२०१८६
फ्याक्स नं. -०६७-४२०४८४

आ.व.: २०८०/०८१

मितिः२०८०/११/२१

## दादुरा-रुवेला खोप संचालन सम्बन्धी अत्यन्त जरुरी सूचना ।

यहि मिति २०८० साल फाल्गुन महिनाको २१ गतेदेखि २६ गतेसम्म कुश्मा नगरपालिका अन्तर्गतका सबै वडाहरुमा दादुरा-रुवेला विरुद्धको खोप अभियान संचालन भईरहेको छ। यस अभियानमा ९ महिना देखि ५ बर्ष मुनिका सबै बालबालिकाहरुलाई दादुरा-रुवेला विरुद्धको खोप लगाईने हुँदा आफ्ना बालबालिकाहरुलाई नजिकैको खोप केन्द्रमा लगेर दादुरा-रुबेला विरुद्धको खोप लगाउनुहुन सादर अनुरोध गरिन्छ। साथै यस अभियानमा ५ बर्षमूनिका बालबालिकाहरुलाई छुट भएका नियमित खोपहरु पनि लगाईने हुँदा खोप कार्ड लिएर आउनु हुन हार्दिक अनुरोध गरिन्छ। खोप अभियान संचालन हुने मिति, समय र स्थानको बारेमा नजिकका महिला सामुदायिक स्वास्थ स्वयंसेविका, स्वास्थ्यकर्मी, नजिकको स्वास्थ्य संस्था र जनप्रतिनिधीहरुबाट जानकारी लिन सक्नुहुनेछ।

पुनस्चः दादुरा-रुवेला लागेको एक जना व्यक्तिबाट १८ जना सम्मलाई संक्रमण गर्न सक्छ। त्यसैले सो रोगबाट सुरक्षित हुन बालबालिकाहरुलाई दादुरा-रुवेलाको खोप लगाऊँ र नेपालबाट दादुरा रुवेला नियन्त्रण गरौं।

विष्णु प्रसाद तिवारी
प्रमुख प्रशासकीय अधिकृत